आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त वाणिज्य स्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक, फोन नं. ०११-६६००७३

इमेल : info@ashamicrofinance.com.np, वेवसाइट : www.ashamicrofinance.com.np

Unaudited Interim Financial Statements of FY 2082/83

Condensed Statement of Financial Position

As on Ashad end, 2083 — Amount in NPR

Assets	This Quarter Ending	Immediate Previous Year ending
Cash and Cash Equivalent	552,944,492	502,929,033
Statutory Balances and Due from Nepal Rastra Bank	54,480,519	49,930,519
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Co-operatives	-	-
Loans and Advances to Customers	11,591,893,220	10,296,183,114
Investment Securities	710,000	710,000
Current Tax Assets	3,789,679	20,459,485
Investment Property	1,335,759	1,335,759
Property and Equipment	31,696,061	23,329,905
Goodwill and Intangible Assets	12,293,768	12,432,754
Deferred Tax Assets	22,952,197	22,952,197
Other Assets	42,740,683	90,854,033
Total Assets	**12,314,836,378**	**11,021,116,799**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	3,813,717,339	3,211,169,813
Borrowings	6,862,871,051	6,453,423,594
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	236,178,509	208,277,013
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**10,912,766,899**	**9,872,870,420**
Equity		
Share Capital	802,685,677	733,046,280
Share Premium	-	-
Retained Earnings	216,041,168	82,178,806
Reserves	383,342,634	333,021,293
Total Equity	**1,402,069,479**	**1,148,246,379**
Total Liabilities and Equity	**12,314,836,378**	**11,021,116,799**

Condensed Statement of Profit & Loss

For the period ended Ashad end, 2083 — Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	427,053,104	1,537,326,330	422,934,155	1,487,973,629
Interest Expense	164,749,453	652,821,853	176,960,302	733,911,330
Net Interest Income	**262,303,651**	**884,504,477**	**245,973,853**	**754,062,299**
Fee and Commission Income	36,665,879	140,457,142	15,199,944	98,020,658
Fee and Commission Expense	258,485	1,043,035	457,874	2,148,524
Net Fee and Commission Income	**36,407,394**	**139,414,107**	**14,742,070**	**95,872,134**
Net Interest, Fees and Commission Income	**298,711,045**	**1,023,918,584**	**260,715,923**	**849,934,433**
Net Trading Income			-	-
Other Operating Income	9,788,343	41,596,770	12,960,855	39,949,972
Total Operating Income	**308,499,388**	**1,065,515,354**	**273,676,778**	**889,884,405**
Impairment Charge/(reversal) for Loans and Other Losses	60,399,568	222,037,380	112,293,601	266,748,392
Net operating income	**248,099,820**	**843,477,974**	**161,383,177**	**623,136,013**
Operating Expense				
Personnel Expenses	83,967,099	334,063,799	57,773,500	324,157,344
Other Operating Expenses	38,573,294	131,067,106	37,875,450	132,097,232
Depreciation & Amortization	2,271,177	6,927,670	1,624,714	6,122,720
Operating Profit	**123,288,250**	**371,419,399**	**64,109,513**	**160,758,717**
Non-Operating Income	376,359	4,048,905	233,878	712,216
Non-Operating Expense	1,269,280	1,269,280	-	3,436,418
Profit before Income Tax	**122,395,329**	**374,199,024**	**64,343,391**	**158,034,515**
Income Tax Expense			-	-
Current Tax	36,718,599	112,259,707	29,542,083	57,649,420
Deferred Tax	-	-	(2,249,421)	(2,249,421)
Profit/(Loss) for the Period	**85,676,730**	**261,939,317**	**37,050,729**	**102,634,516**

Condensed Statement of Comprehesive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit or loss for the Period	85,676,730	261,939,317	37,050,729	102,634,516
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income for the period	85,676,730	261,939,317	37,050,729	102,634,516
Earnings per share				
Annualized Basic Earnings Per Share		32.63		14
Diluted earnings per share		32.63		14

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		10.56%		9.31%
Total Loan Loss Provision to Total NPL		66.73%		68.62%
NPL		8.57%		6.49%
Cost of Funds		6.15%		7.13%
Credit to Deposit and Borrowing Ratio		114%		110.19%
Base Rate		10.44%		12.12%
Interest Rate Spread		8.56%		7.86%

Statement of Distributable Profit or Loss

For the Quarter ended on Ashad 2083

(As per NRB Regulation) — Amount in NPR

Particulars	Ashad end, 2083	Ashad end, 2082
Net profit or (loss) as per statement of profit or loss	**261,939,317**	**102,634,516**
Appropriations:		
a. General reserve	52,387,863	20,526,903
b. Foreign exchange fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	2,619,393	1,026,345
e. Employees' training fund	-	4,933,452
f. Client Protection Fund	5,238,786	1,539,518
g. Other	-	1,492,166
Profit or (loss) before regulatory adjustment	**201,693,274**	**73,116,132**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	5,473,715	(15,655,303)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	(700,000)
d. Short loan loss provision on Non Banking Assets (-)/reserval (+)	-	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	(6,251,463)
g. Bargain purchase gain recognised (-)/reserval (+)	-	-
h. Acturial gain/loss recognised (-)/reversal (+)	-	(9,338,099)
i. Other (+/-)	-	31,142,530
Net profit for the period available for distribution	**207,166,989**	**72,313,797**
Opening Retained Earnings as on Shrawan 1, 2082	**82,178,806**	**100,581,470**
Adjustments (+/-)	-	**5,525,939**
Distribution: (-)	-	-
Bonus shares issued	**(69,639,397)**	**(91,430,280)**
Cash dividend paid	**(3,665,231)**	**(4,812,120)**
Total Distributable Profit/Loss as on Ashad end 2083	**216,041,168**	**82,178,806**
Distributable Profit/Loss per share	**26.91**	**11.21**

Note:

1. Figures presented above may vary with the audited figures if instructed by the banking regulations and statutory auditor.
2. The detailed interim financial report has been published on the official website (https://ashamicrofinance.com.np/)
3. The presented financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards as per NRB Directive except the guideline of Expected Credit Loss (ECL) Model as required by NFRS 9.
4. Personnel Expenses include the provision for Employees Bonus.
5. Loans and Advances are presented net of impairment charges and includes interest accruals and staff loans.
6. Figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
7. Actuarial Valuation for defined benefit plans and staff leave have not been done for the reported period.

Interest rates
Loans and Advances 1. Fixed Interest Rate : 13.62%, Adjustable Interest Rate: (Average Base Rate + 3 Premium)%
Deposits : 7.5% to 13.5% (Effective for 1st Quarter 2083/84) Average Base Rate : 10.62 % (Effective for 1st Quarter 2083/84)
Note: The detailed Interim Financial report has been published in the website (https://WWW.ashamicrofinance.com.np/)

धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ को नियम ३६ को उपनियम (१) संग सम्बन्धित आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासको प्रतिवेदन

१. वित्तीय विवरण :

क) नेपाल फाइनान्सियल रिपोर्टिङ स्ट्यान्डर्ड (NFRS) अनुरूप चौथो त्रैमासको अपरिष्कृत वित्तीय विवरण यस प्रतिवेदनसँगै प्रकाशित गरिएको छ । साथै सो वित्तीय विवरण संस्थाको वेवसाइट : www.ashamicrofinance.com.np मा पनि राखिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (वार्षिक)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु. ३२.६२	३२.१८ गुणा	रु. १७४.६७	रु. १,५३४.२	५.६९ %

२. व्यवस्थापकीय विश्लेषण :

क) चौथो त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण केही वर्षदेखि वित्तीय क्षेत्रमा फैलाइएको नकारात्मक तथा भ्रामक सन्देशका कारणले लघुवित्त क्षेत्रमा असर परिरहेता पनि यस अवधिमा ऋणी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत, कर्जा असुली तथा कर्जा लगानीमा सकारात्मक प्रभाव परेको छ । बजारमा लगानी योग्य पुँजीको सहज उपलब्धता भएको कारण र बाह्य कर्जा व्याज प्रतिशत घट्दै गएको कारण कर्जा विस्तार बढेको र व्याज खर्चमा कमी आएको छ । व्यवस्थापनबाट लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम तथा तरलता जोखिमहरुलाई उच्च प्राथमिकताका साथ विश्लेषण गर्दै वित्तीय कारोबारहरु संचालन गरिएको छ । आगामी दिनमा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमशः सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने व्यवस्थापनको अनुमान रहेको छ ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

राष्ट्रिय स्तरको यस वित्तीय संस्थाले स्थापनाको सुरु देखिने वित्तीय पहुँच अभिवृद्धि गराई न्यून आय भएका तथा विपन्न वर्गका महिलाहरुलाई स्वरोजगार बनाउने उद्देश्यले लघुवित्त सेवा प्रदान गरिरहेको छ । हाल संस्थाले १३२ वटा शाखा कार्यालय मार्फत देशका ७ वटै प्रदेशमा ४५ जिल्ला भित्र एक लाख चालिस हजार भन्दा बढी विपन्न घर परिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले नविनतम् प्रविधिहरुको प्रयोग गरी छिटो छरितो र विश्वसनीय एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ । संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रित गरी विभिन्न किसिमको निःशुल्क सिपमुलक तालिम प्रदान गरी सवल, सरल तथा उत्तरदायी लघुवित्त सेवा उपलब्ध गराउँदै आएको छ । समय सापेक्ष सदस्यको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिमार्जन गर्दै सदस्यहरुलाई गुणस्तरीय लघुवित्तीय सेवा प्रदान गर्ने लक्ष्य लिईएको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पर्न सक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :

लघुवित्त विरुद्धको आन्दोलन, श्रोतको परिनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, आर्थिक मन्दी जस्ता समस्याले संस्थाको आम्दानीमा प्रत्यक्ष असर पर्छ । भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरुको तर्जुमा गरी अगाडि बढ्ने नीति यस संस्थाले लिएको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

क) यस त्रैमासमा संस्थाले कर्मचारी विरुद्ध दायर गरेका केही मुद्दाहरु सम्बन्धित सम्मानित जिल्ला अदालतमा विचाराधिन रहेका छन् तथा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन ।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकलले वा संस्थापक वा सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा

दोस्रो बजारमा हुने सेयर कारोबारको मूल्य खुल्ला बजारले निर्धारण भए अनुरुप हुने व्यवस्थापनको धारणा रहेको छ ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाईट www.nepalstock.com को अनुसार चौथो त्रैमास अवधिमा यस वित्तीय संस्थाको शेयर कारोबार निम्न विवरण अनुसार भएको देखिन्छ ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या	कारोबार रकम	कारोबार कित्ता
रु. १,२१३	रु. १,०१०	रु. १,०५०	६६	६०१९	रु. ४३८,९२४,७००	४००,३५५

५. समस्या तथा चुनौती :

क) लघुवित्त वित्तीय संस्था विरुद्ध सघर्ष समितिमा आवद्ध केहि व्यक्तिहरुले केन्द्र बैठक संचालनमा अवरोध गर्ने र अन्य केहि व्यक्तिहरुले समेत कर्जा नतिर्ने मनसाय राखी अन्य ऋणीहरुलाई लघुवित्तको कर्जाको किस्ता नतिर्नु भन्ने गलत प्रचार बाजीको कारण निष्क्रिय ऋणीका साथै राम्रो व्यवसाय गरेर बसेका ग्राहक समेतले किस्ता तिर्न अटेर गरेको कारण कर्जा असुलीदरमा समस्या रहेकोले लघुवित्त व्यवसायको निरन्तरतालाई कायम राख्न चुनौति थपिएको छ ।

ख) लघुवित्त वित्तीय संस्थाहरुबीच उत्पन्न भएको अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरुको दोहोरोपना र सदस्यहरुमा कर्जाको अधिक भार आदि कारणले संस्थाको ग्राहक सदस्य तथा व्यवसाय विस्तारमा चुनौतिहरु थपिदै गइरहेको छ ।

ग) दक्ष जनशक्तिको कमि ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासनको लागि यस वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ । सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाको अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्ने एवम् सो को अनुभूती गराउन संस्था सदैव क्रियाशील छ ।

क) यस वित्तीय संस्थाको सञ्चालक समिति तथा व्यवस्थापन, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा प्रवर्धन गर्न सदैव प्रतिवद्ध रहेको छ । कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाका लागि सञ्चालक समितिले प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, बचत तथा कर्जा निर्देशिका, कर्जा अपलेखन विनियमावली, समूह केन्द्र व्यवस्थापन तथा प्रवेश पूर्व तालिम संचालन निर्देशिका लगायत अन्य आवश्यक नीति निर्देशिकाहरु तयार गरी लागु गरिएको छ ।

ख) संस्थाले आफ्नो कारोबार तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, आर्थिक निर्देशन समिति लगायतका विभिन्न समिति एवं उपसमितिहरु गठन गरी संस्थागत सुशासन सम्बन्धी व्यवस्था पालना गरेको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तर दायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन ।